बैठक सङ्ख्याः- १११

बैठक मितिः- २०८२।०५।०५

प्रस्ताव पेस गर्न अध्यक्षबाट स्वीकृति प्राप्त मितिः– २०८२।०५।०२

प्रस्ताव नं.- ६

विषयः– **योजना व्यवस्थापन सम्बन्धमा सार्वजनिक महत्त्वको प्रस्ताव।**

१. **विषय र विषयको संक्षिप्त व्यहोराः**

आ.व. २०८२।०८३ नगरपालिकाको स्वीकृत वार्षिक विकास कार्यक्रम अन्तर्गत प्रचलित कानुनको अधीनमा रही उपभोक्ता समिति, लाभ ग्राही समूह, टोल विकास संस्था वा सम्बन्धित विषय क्षेत्रमा कार्यरत रहेका संघ-संस्था मार्फत सञ्चालन हुने योजना तथा कार्यक्रमको व्यवस्थित र विधि संवत् ढङ्गले सञ्चालन तथा कार्यान्वयनका लागि नीतिगत निर्देशन दिन उपयुक्त रहेकोले आवश्यक निर्णय गर्नुपर्ने भएको छ।

२. **प्राप्त परामर्श तथा अन्य सान्दर्भिक कुराः**

योजना सञ्चालन तथा व्यवस्थापन सम्बन्धमा तोकिएको योजना तथा कार्यक्रम सार्वजनिक खरिद ऐन, २०६३, सार्वजनिक खरिद नियमावली, २०६४ मा उपभोक्ता समिति, लाभग्राही मार्फत सञ्चालन गर्न सकिने सम्बन्धी प्रावधान रहेको छ। सो सम्बन्धमा फिदिम नगरपालिकाद्वारा जारी गरिएको स्थानीय तहको उपभोक्ता समिति गठन, परिचालन र व्यवस्थापन सम्बन्धी कार्यविधि, २०७४ र अन्य प्रासंगिक कानुनमा समेत योजना सञ्चालन र व्यवस्थापन सम्बन्धी प्रक्रिया निर्धारण गरिएको छ। उल्लिखित योजना तथा कार्यक्रम सम्बन्धमा यस नगरपालिकामा समेत उपयुक्त अभ्यास गरी थप प्रभावकारी योजना व्यवस्थापन गर्न सान्दर्भिक रहेको छ।

३. **प्रस्ताव पेस गर्नुपर्ने कारण र शाखाको रायः**

प्रस्तावित विषयका सम्बन्धमा नगरपालिका र सम्बन्धित सरोकारवालाको काम कारबाहीलाई व्यवस्थित गर्न नीतिगत निर्देशन हुन उपयुक्त देखिएकोले फिदिम नगरपालिका नगर कार्यपालिका(कार्यसम्पादन) नियमावली, २०७४ को अनुसूची १ को विषय सङ्ख्या ७ बमोजिम यो प्रस्ताव पेस गरिएको छ।

४. **निर्णय हुनुपर्ने बेहोराः**

बैठकमा पेस भएको **योजना व्यवस्थापन सम्बन्धमा सार्वजनिक महत्त्वको प्रस्ताव** अनुमोदन गर्ने। प्रस्ताव कार्यान्वयनका लागि तपसिल अनुसार गने / गराउने व्यवस्थाका लागि कार्यालयलाई निर्देशन दिने।

**तपसिल**

**(क) उपभोक्ता समिति/ टोल विकास संस्था तथा गैर सरकारी संस्थाहरूले तपसिल अनुसार गर्न गराउन सूचना /निर्देशन गर्ने।**

स्वीकृत वार्षिक विकास कार्यक्रम (बजेट) को अधीनमा रही प्रचलित कानुन बमोजिम उपभोक्ता समितिमार्फत सञ्चालन गर्न सकिने योजनाको सम्बन्धमा उपभोक्ता समिति, टोल विकास संस्था, गैर सहकारी संस्था तथा अन्य संघ संस्थाहरूले योजना तथा कार्यक्रम सञ्चालन गर्दा उपभोक्ता समिति सम्बन्धी कार्यविधि, २०७४, फिदिम नगरपालिका टोल विकास संस्था गठन एवं सञ्चालन कार्यविधि,२०७९, सार्वजनिक खरिद ऐन २०६३, सार्वजनिक खरिद नियमावली, २०६४ तथा

स्वीकृत वार्षिक योजना तथा कार्यक्रम बमोजिम तपसिल अनुसार प्रक्रिया पूरा गरेर यस कार्यालयमा पेस गर्न हुन सूचित गरिन्छ।

**तपसिलः**

१. वडाको जनप्रतिनिधि, उपभोक्ता समिति/ टोल विकास संस्थाको रोहबरमा योजनाको सर्वे तथा लागत अनुमान तयार गराउनु पर्ने,

२. योजनाको सर्वेका लागि वडा समितिले समन्वय तथा सहजीकरण गर्नु पर्ने,

३. स्वीकृत वार्षिक योजना तथा कार्यक्रममा स्पष्ट परिभाषित नगरिएका तथा नतोकिएका योजना तथा कार्यक्रम सञ्चालन गर्नुपर्ने भएमा वडा समितिको निर्णय, वडा कार्यालयको सिफारिस साथ नगर कार्यपालिकामा निर्णय गरी सम्झौता र कार्यादेश लिई योजना सञ्चालन गर्नु पर्ने र सो को अनुमोदन आसन्न नगर सभाबाट गर्नुपर्नेछ,

४. तोकिएका स्वीकृत योजना तथा कार्यक्रमहरू सम्झौता र कार्यादेश लिएर मात्र सुरु गर्नुपर्नेछ, सम्झौता र कार्यादेश नलिई कुनै पनि योजनाहरू सञ्चालन गर्न पाइने छैन,

५. हेभी इक्विपमेन्ट प्रयोग गर्नुपर्ने योजना उपभोक्ता समिति मार्फत नगर्ने/ नगराउने तर गर्नै पर्ने परिस्थिति सिर्जना भएमा प्राविधिक निरीक्षण गराई निजको सिफारिस बमोजिम कार्यालयबाट अनुमति लिई योजना सञ्चालन गर्नु पर्ने,

६. खर्च भएका बिल भरपाईमा उपभोक्ता समितिका अध्यक्षले प्रमाणित गर्नु पर्ने र डोर हाजिरीमा वडाध्यक्ष्यले प्रमाणित गरी पेस गर्नु पर्ने,

७. कसले कति साझेदारीमा योजना तथा कार्यक्रम सञ्चालन गर्ने भनी नतोकिएका योजनाहरू नगर कार्यपालिकामा निर्णय गरी सम्झौता र कार्यादेश लिई योजना सञ्चालन गर्नु पर्ने,

८. नगरपालिकाबाट सञ्चालन हुने पूर्वाधार निर्माणका कार्यमा कामदार छनौट गर्दा सम्बन्धित कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोही बमोजिम र अन्य योजनाको हकमा नगरपालिकाको रोजगार सेवा केन्द्रमा सूचीकृत बेरोजगारलाई प्राथमिकता दिनु पर्नेछ,

९. योजना तथा कार्यक्रम अन्तर्गतका खरिदहरू सार्वजनिक खरिद ऐन, २०६३ र सार्वजनिक खरिद नियमावली, २०६४ बमोजिम प्रक्रिया पूरा गरी कार्यालयको परामर्शमा मात्र खरिद प्रक्रिया अघि बढाउनु पर्ने,

१०. योजना तथा कार्यक्रम बाहेकका खरिदहरू वडाको सिफारिस र माग फाराम भरी खरिदका लागि नगरपालिकामा पेस गर्नु पर्ने,

११. फर्म, कम्पनी, गै.स.स, लाभ ग्राही समूह, तथा अन्य संघ-संस्थाले तोकिएको स्वीकृत कार्यक्रम सञ्चालन गर्नुपर्ने भए नगरपालिकाले निर्धारण गरेको प्रस्तावनाको ढाँचा प्रयोग गरी सोही बमोजिम प्रस्तावना पेस गर्नु पर्ने,

१२. सार्वजनिक खुला स्थानमा आम भेलाबाट योजनाको आम्दानी र खर्च सार्वजनिक गराई सो को फोटो अनिवार्य पेस गर्नु पर्ने,

१३. यस अघिका आ.व.मा महालेखापरीक्षकबाट बेरुजू औंल्याइएका उपभोक्ता समिति तथा टोल विकास संस्थाहरूले बेरुजू फछ्र्यौट गरेर मात्र कार्यादेश लिनु पर्ने,

१४. योजना तथा कार्यक्रम सञ्चालन भइरहेको चालू अवस्थामा नै अनुगमन निरीक्षण गराउनु पर्ने, सो का लागि कार्यालयले सहजीकरण गर्ने,

१५. टोल विकास संस्थाहरूले आफ्नो संस्थाको सामाजिक परीक्षण, साधारण सभा र लेखापरीक्षण तोकिएको समयमै सम्पन्न गरी सोको प्रतिवेदन नगरपालिकामा पेस गर्नु पर्ने,

१६. ३ लाख भन्दा बढी लागत अनुमान भएका योजनाको आयोजना सूचना पाटी सबैले देख्ने गरी अनिवार्य रूपमा राख्नु पर्ने,

१७. पूर्वाधार निर्माण तथा मर्मत सम्भार सम्बन्धी काम गर्नु पूर्व र काम सम्पन्न भए पछिका तस्विर अनिवार्य संलग्न राख्नुपर्नेछ,

१८. योजना तथा कार्यक्रम सञ्चालन सम्बन्धमा कार्यालयबाट योजना सम्झौता / कार्यादेश नलिई सञ्चालन भएको खण्डमा सो को भुक्तानी दिइने छैन र सो का लागि कार्यालय बाध्य हुने छैन ।

## (ख) सर्वे, लागत अनुमान, स्पेशिफिकेसन तथा मूल्याङ्कन सम्बन्धमा प्राविधिक कर्मचारीलाई निर्देशन ।

प्रस्तुत विषयमा राष्ट्रिय सतर्कता केन्द्रको प.सं. २०८०।०८१ च.नं. १३२८ मिति २०८०।१०।२४ को पत्र तथा अख्तियार दुरूपयोग अनुसन्धान आयोगको निर्देशन अनुसार वास्तविक लागत अनुमान तयार गरी गुणस्तरीय निर्माण कार्यको सुनिश्चितता हुने गरी देहाय बमोजिम गर्न गराउनु हुन सूचित गरिन्छ ।

१. लागत अनुमान तयार गर्दा अनिवार्य रूपमा जनप्रतिनिधि, टोल विकास संस्था, उपभोक्ता समिति तथा लाभग्राही समूहको रोहबरमा स्थलगत फिल्ड सर्वे गरी गर्ने,

२. लागत अनुमान तयार गर्दा माटो, नरम ढुङ्गा, कडा ढुङ्गाको वास्तविक परिमाण एकिन गरी मात्र गर्ने, ढुङ्गा लगायत निर्माण सामाग्रीको ढुवानी गर्दा दूरी एकिन गरी दररेट विश्लेषण गर्ने,

३. प्राविधिक रूपमा हेभी ईक्युपमेन्ट प्रयोग गर्नु पर्ने भए लागत अनुमान तयार गर्दै गर्दा हेभि इक्विपमेन्ट प्रयोगको उपयुक्तता सहित अनुमतिका लागि कार्यालयमा सिफारिस गर्ने,

४. निर्माण सामाग्रीको गुणस्तर एकिन गर्न ल्याब टेष्ट गरी सो को प्रतिवेदन पेस गर्ने,

५. दक्ष, अर्धदक्ष र अदक्ष कामदारहरूको पारिश्रमिक तोकिएको दररेटमा फरक नपर्ने गरी गणना गरी निर्धारण गर्ने,

६. प्रचलित नर्म्स, दररेट बमोजिम वास्तविक लागत अनुमान तयार गर्ने, स्वीकृत लागत अनुमानमा संशोधन गर्नुपर्ने भए प्राविधिक प्रतिवेदनका आधारमा कार्यालय प्रमुखबाट स्वीकृत गराई गर्ने,

७. स्पेशिफिकेसन तयार गर्दा तटस्थ निष्पक्ष र स्वच्छ ढङ्गले कुनै पनि ब्राण्डसँग नमिल्ने गरी गर्ने,

८. भेरिएसन गर्नुपर्ने भए प्राविधिक राय सहित अग्रिम रूपमा प्रतिवेदन पेस गर्ने, भेरियसन गर्नु पर्ने कार्यको स्थलगत अवस्थाको तस्विर समेत संलग्न राख्नुपर्नेछ,

९. ड्राइङ्ग, डिजाइन र स्पेसिफिकेसन तयार गर्दा निर्माण हुने संरचनाको प्राविधिक उपयुक्तता, नियमितता र मितव्ययिता समेतलाई ध्यान दिई बनाउनुपर्नेछ,

१०. योजनाको सञ्चालन भइरहेको अवस्थामा नै निरीक्षण तथा अनुगमन गर्ने, फिल्डमा भएको वास्तविक कार्यसँग फरक नपर्ने गरी नाप जाँच गरी कार्य स्वीकार प्रतिवेदन तयार गर्ने ।

..............................

(मित्र प्रसाद काफ्ले)

नगर प्रमुख